मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

विवादित धर्मगुरु श्रीनिवास पक्राउ

झापा, मंसीर ११ । धर्मगुरु आचार्य श्रीनिवास पक्राउ परेका छन् । प्रहरीले उनलाई काठमाडौंबाट पक्राउ गरेको हो ।

गणतन्त्रविरोधी अभियन्ता दुर्गा प्रसाईंको नागरिक बचाऊ अभियान अन्तर्गत गौशालामा भएको

(बाँकी अन्तिम पृष्ठमा)

◆ वर्ष : २९ ◆ अङ्क : १२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० मंसीर १२ गते मंगलवार (Tuesday, Nov 28. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भाइ : ४/-

'श्री ५' लेखेको शिलालेख हटाइयो

झापा, मंसीर ११। पूर्वराजा ज्ञानेन्द्र शाहले अनावरण गरेको बिर्तामोडस्थित इष्टर्न इम्पाएर कलेज अफ होटल म्यानेजमेन्ट (इकम)को प्राङ्गणमा रहेको पृथ्वीनारायण शाहको शालिकको शिलालेख हटाइएको छ ।

शिलालेखमा पूर्वराजा ज्ञानेन्द्र शाहलाई वहालवाला राजा सरह नै शिलालेखमा श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीरविक्रम शाहदेव लेखेर अनावरण गराएपछि सो कार्यक्रम विवादित बनेको थियो । सो शिलालेख उद्घाटन गरिएको ४८ घण्टा नबित्दै हटाइएको हो । शिलालेखसंगै पृथ्वीनारायण शाहको शालिकको उद्घाटन पूर्व राजा ज्ञानेन्द्रले गरेका थिए ।

बिर्तामोड-१ स्थित पञ्चकन्यामा रहेको इकम कलेजमाथि कारवाही प्रक्रिया अघि बढाउने भन्दै बिर्तामोड नगरपालिकाका प्रवक्ता तथा वडा नम्बर १का वडाध्यक्ष अग्निप्रसाद पाण्डेले सामाजिक सञ्जालमा स्टाट्स लेखेपछि कलेजले शिलालेख हटाएको हो । यसअघि विभिन्न सञ्चारमाध्यममा सो विषयको समाचार सार्वजनिक भएको थियो ।

वडाध्यक्ष पाण्डेले कलेजको दर्ता खारेजीका लागि प्रक्रिया अगाडि बढेको भन्दै स्टाट्स लेखेका थिए । इकम कलेजले

संविधानको ठाडो उल्लंघन गरेकाले दर्ता खारेजी प्रक्रिया अगाडि बढाइने बिर्तामोड-१का वडाध्यक्ष पाण्डेले बताए । पाण्डेले इकम कलेजसँग पत्र पठाएर स्पष्टीकरण सोधिने र दर्ता खारेजीका लागि बिर्तामोड नगरपालिकाको शिक्षा शाखालाई अनुरोध गरिने बताएका छन् । चौतर्फी विरोधपछि इकम कलेजको प्राङ्गणबाट 'श्री ५' लेखिएको शिलालेख हटाएको हो ।

कलेजका सञ्चालकले आफूहरुबाट त्रुटि भएको स्वीकार गरेका छन् । शालिक अनावरण गर्ने क्रममा राखिएको शिलालेखको भाषामा त्रुटि भएको महशुस भएपछि त्यसलाई हटाइएको कलेजका प्रवन्ध निर्देशक निर्मल निरौलाले बताए । शिलालेखमा 'श्री ५' लेखेपछि प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेलले पनि स्पष्टीकरण सोधेका थिए । त्यसपछि कलेज प्रशासनले शिलालेख हटाएको हो उनले भने - पूर्वराजाको सचिवालयबाट जे आयो त्यही राख्दा यस्तो हुन गएको हो, यसलाई हामीले सच्याइसकेका छौं ।

२०७२ सालमा स्थापित कलेजले होटल म्यानेजमेन्ट, विज्ञान र व्यवस्थापन सङ्कायको कक्षा सञ्चालन गर्दै आएको छ । कलेज सञ्चालनका लागि ७ जनाको लगानी रहेको छ । जसमा आलोक कार्की संस्थापक अध्यक्ष रहेका छन् भने निरौला प्रवन्ध निर्देशक हुन् । त्यस्तै विवेक नेपाल, पिताम्बर कोइराला, रोशन मैनाली, सुमन श्रेष्ठ र सुमन उप्रेती कलेजका सञ्चालक हुन् । दीपक दाहालको ५ कट्ठा जमिन १५ वर्षका लागि लिजमा लिएर कलेज सञ्चालन गरिएको बताइएको छ । जहाँ ४ सय १० जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

पोर्चुगल पठाउने भन्दै लाखौं ठगी

ठगी गर्ने झापा दमककी पञ्चकोटीसहित पाँच जना पक्राउ

झापा, मंसीर ११। पछिल्लो समय बैदेशिक रोजगारीको नाममा ठगीका घटना बढेका छन् । दलालले राम्रो तलब दिने प्रलोभनमा पारेर ठगी गर्ने गरेको रहस्य खुलेको छ ।

पोर्चुगल लगायतका युरोपियन मुलुकमा रोजगारीका लागि जाने क्रम बढेसँगै ठगीका घटना बढेका छन् । पोर्चुगल पठाइदिने भन्दै एक व्यक्तिबाट सात लाख ५० हजार रुपैयाँ लिने झापा दमक-११की ४५ वर्षीया बुद्ध पञ्चकोटीलाई प्रहरीले आइतवार पक्राउ गरेको छ ।

हाल ललितपुर महालक्ष्मी नगरपालिका-४ सानागाउँ बस्ने पञ्चकोटीले सागर लामिछानेबाट उक्त रकम ठगी गरी सम्पर्कविहीन भएको अवस्थामा प्रहरीले पक्राउ गरेको हो । उनलाई काठमाडौं टोखा-१०स्थित ग्राण्डी अस्पतालबाट पक्राउ गरी अनुसन्धान तथा कार्वाहीका लागि बैदेशिक रोजगार विभाग पठाइएको जनाएको छ । उनले लामिछानेबाट पोर्चुगलका लागि प्रतिव्यक्ति १५ लाख रुपैयाँ लाग्छ, पोर्चुगल पुगेपछि प्रतिष्ठित कम्पनीमा काम लगाइदिन्छु, त्यहाँ मासिक १ लाख २० हजार रुपैयाँ

तलब हुन्छ भनेर प्रलोभन देखाएर ठगी गरेको प्रहरीले जनाएको छ ।

त्यस्तै पोर्चुगल पठाइदिन्छु भन्दै ठगी गर्ने सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका-९ घर भई काठमाडौं गोकर्णेश्वर बस्ने ४४ वर्षीय राजकुमार तामाङलाई प्रहरीले सोमवार पक्राउ गरेको छ । उनले लंकबहादुर शाहीलाई पोर्चुगल पठाए वापत १० लाख रुपैयाँ लाग्छ भन्दै एक लाख रुपैयाँ लिएर सम्पर्कविहीन भएका थिए ।

पोर्चुगल पठाइदिन्छु भन्दै ठग्ने अरु दुई व्यक्ति पनि पक्राउ परेका छन् । पक्राउ पर्नेमा रोल्पा घर भई हाल काठमाडौं बस्ने ३९ वर्षीय निमराज डाँगी

(बाँकी अन्तिम पृष्ठमा)

अनलाइनमार्फत ठगी गर्ने महिला पक्राउ

काठमाडौं, मंसीर ११। अनलाइनमार्फत एक लाख ३५ हजार रूपैयाँ ठगी गरेको अभियोगमा ललितपुर महालक्ष्मी-३ इमाडोल बस्ने सप्तरी कञ्चनरूप नगरपालिका-९ घर भएकी २७ वर्षीया सुजता चौधरीलाई प्रहरीले पक्राउ गरेको छ ।

चौधरीले आफू टर्कीको नागरिक हो भनी फेसबुकमार्फत साथी बनाएकालाई कुरियरबाट मोबाइल, घडी, जुत्ता, सुनका गहना, मेकअप लगायतका सामानहरू पठाएको र उक्त सामान काठमाडौं एयरपोर्टमा आइपुगेकोले सामानको कस्टम, डेलिभरी र इन्स्योरेन्स वापतको रकम तिर्नुपर्छ भन्दै विभिन्न व्यक्तिहरुको नामको बैंक खातामा रकम जम्मा

(बाँकी अन्तिम पृष्ठमा)

बुवा र हजुरबुवाको हत्या

झापा, मंसीर ११। झापाको कमल गाउँपालिकामा छोराले बुवाको हत्या गरेका छन् ।

कमल गाउँपालिका-४का ५० वर्षीय भोलाकुमार तामाङलाई उनकै छोरा आशिष तामाङले दाउले टाउकोमा हानेर हत्या गरेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक खगेन्द्र रिजालले जानकारी दिए । छोराले दाउले हिर्काउँदा बाबुको घटनास्थलमै मृत्यु भएको हो । प्रहरीका अनुसार सोमवार बिहान साढे ६ बजे आशिषले बुवालाई दाउले हानेका थिए ।

आशिषले बुवा भोलाको टाउको र दाहिने खुट्टामा दाउ र कराईले प्रहार गरेको प्रहरीले जनाएको छ । बाबुको हत्या गरेर भागेका आशिषलाई प्रहरीले पक्राउ गरेको छ ।

कमल-४कै दूधडेरी भन्ने स्थानमा लुकिरहेको अवस्थामा उनलाई पक्राउ गरिएको हो । घटनाका बारेमा थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय दमकबाट प्रहरीको टोली गएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

उता आफ्नै हजुरबुवा ठोरी गाउँपालिका-२ डाँडाटोल बस्ने ८५ वर्षीय लक्ष्मण तामाङको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ३५ वर्षीय कृष्ण खड्कालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । कृष्ण लक्ष्मणको छोरीपट्टिको नाति हुन् । आफ्नै आँगनमा लट्ठीले कोदो चुटिरहेको अवस्थामा लक्ष्मणले लट्ठी मागेको कारण कृष्णले लट्ठी प्रहार गर्दा उनी गम्भीर घाइते भएका थिए । लक्ष्मणको स्वास्थ्य चौकी ठोरीमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय ठोरीबाट खटिएको प्रहरीले जंगलमा लुकिछिपी बसिरहेको अवस्थामा फेला पारी उनलाई पक्राउ गरेको हो ।

सांसदका स्वकीय सचिवमाथि खुकुरी प्रहार

ताप्लेजुङ, मंसीर ११। अनेरास्वियु ताप्लेजुङका सह-संयोजक विवेक बानियाँमाथि खुकुरी प्रहार भएको छ ।

एमाले भातृसङ्गठन अनेरास्वियुका नेता तथा कोशी प्रदेशसभा सदस्य तिलकुमार मेन्याङ्वोका स्वकीय सचिव बानियाँमाथि ताप्लेजुङको फुङ्लिङ नगरपालिकामा रहेको पाथीभरा होटेलमा खुकुरी प्रहार भएको हो । स्थानीय ठेकेदार प्रेम मावोले लेनदेनको विषयमा एमालेका नेता तथा कार्यकर्ताहरूको अगाडि नै बानियाँ माथि पटक-पटक खुकुरी हानेका थिए ।

बानियाँलाई मावोले ९ लाख २० हजार रुपैयाँ दिनुपर्ने थियो । पटक-पटक माग्दा पनि नदिएपछि मावोले बानियाँलाई चेक दिएका थिए । चेक नसाटिएपछि केही दिन अघि बानियाँले मावोविरुद्ध चेक बाउन्सको मुद्दा दायर गरेका थिए । सोही विषयमा छलफल भइरहेको बेला ठेकेदार मावोले बानियाँमाथि खुकुरी प्रहार गरेको प्रहरीले जनाएको छ । उनको फिला र खुट्टामा चोट लागेको छ । बानियाँको जिल्ला अस्पताल ताप्लेजुङमा उपचार भइरहेको छ ।

अरिंगालले चिल्दा...

इलाम, मंसीर ११। इलामको देउमाई नगरपालिकामा अरिङ्गालले चिल्दा एक पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा ४५ वर्षीय खम्बासिंह पिठाकोटे मगर रहेका छन् ।

देउमाई नगरपालिका-९, मादेबुङ निवासी उनलाई दुई दिनअघि घरनजिकै रुखमा रहेको अरिङ्गालले चिलेको जनाइएको छ । अरिङ्गालले चिलेर घाइते भएका झापाको वीएण्डसी अस्पतालमा उपचार भइरहेको थियो । उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

यो सिजनमा अरिङ्गालको बच्चा खान समेत स्थानीयले अरिङ्गालको गोलो काढ्ने गर्छन् । ठीक एक वर्ष अघि देउमाई-२का डिल्ली राईको समेत अरिङ्गालकै टोकाइबाटै मृत्यु भएको थियो ।

काठ मिलमा आगलागी

राजगढ, मंसीर ११। झापाको बाह्रदशी-३ राजगढस्थित बजारमा रहेको काठको मिलमा आगलागी हुँदा सात लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

गोपाल राजवंशीको काठको मिलमा विद्युत्को तार सट भइ आगलागी भएको हो । जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय राजगढको प्रहरी टोली र स्थानीयवासीहरुको सहयोगमा ६ बजे आगो पूर्ण रुपमा नियन्त्रणमा लिएको

(बाँकी अन्तिम पृष्ठमा)

कांग्रेस झापाका पूर्वसभापति शर्माको निधन

झापा, मंसीर ११। नेपाली कांग्रेस झापाका पूर्वसभापति तथा प्रजातान्त्रिक आन्दोलनका योद्धा पूर्णानन्द शर्माको निधन भएको छ ।

बिर्तामोडस्थित पूर्णटुङ्ग बिर्तासिटी अस्पतालमा सोमवार अपरान्ह शर्माको ८८ वर्षको उमेरमा निधन भएको हो । कमल गाउँपालिका-५ मंगलवारे निवासी शर्माको स्वास्थ्यमा समस्या देखिएपछि एक महिना अघि उनलाई अस्पताल भर्ना गरिएको थियो । अस्पताल भर्ना भएका शर्माको मुटुमा समस्या देखिएको र रगत कम भएको अवस्थामा उनको उपचार भइरहेको अस्पताल प्रशासन प्रमुख बिनोद बस्नेतले जानकारी दिए ।

वीपी कोइरालाका अनुयायीका रुपमा रहेका शर्मा पञ्चायतकालदेखि बहुदल प्राप्तिका लागि भएका आन्दोलका क्रममा पटक-पटक एरिया बन्दीदेखि जेलसम्म गएका थिए । २०४२ सालमा भएको सत्याग्रह आन्दोलनमा समेत नेपाली कांग्रेसका त्यागी र निष्ठावान

नेताका रुपमा छवि बनाएका शर्माको बिर्तासिटी अस्पतालले निःशुल्क उपचार गरिरहेको थियो ।

२०४२ सालमा नै नेपाली कांग्रेस झापाको सभापति बनेका शर्मा झापा क्षेत्र नम्बर ५ बाट संसदीय निर्वाचनमा समेत उम्मेदवार

(बाँकी अन्तिम पृष्ठमा)

सिलिगुडीमा पहिलोपटक

PET-CT

With Time of Flight (TOF) technology

PET-CT को संकेत

- क्यान्सर को निदान
- बायोप्सी साइटहरूको पहिचान
- क्यान्सरको स्टेजिंग
- उपचार प्रतिक्रिया मूल्याङ्कन
- अवशिष्ट पोस्ट उपचार पत्ता लगाउन साथै बारम्बार भैरहने क्यान्सरको निवारण
- अनुगमन र निगरानी

9800200300 / 8116615000

एन ५/५, हिलकर्ट रोड, महानन्द पुल नजिक सिलिगुडी - ७३४००३

Anandaloke

PET-CT SCAN CENTRE

(A unit of Anandaloke Sonoscan Centre)

साधुकुटीमा धार्मिक महोत्सव

झापा, मंसीर ११। झापाको बाह्रदशी गाउँपालिका-६स्थित श्रीगौरीशङ्कर शिवालय गायत्री स्वरुपा आश्रममा पूर्वाञ्चल धार्मिक महामहोत्सव आयोजना हुने भएको छ ।

बालाचतुर्दशीको अवसर पारेर आगामी मंसीर १८देखि २६ गतेसम्म श्रीमद्भागवत धनधान्याचल राष्ट्र शान्ति महामहोत्सव आयोजना गरिने सोमबार पत्रकार भेटघाटका क्रममा जानकारी दिइएको हो ।

ऐतिहासिक तीर्थस्थल कञ्चनगढ धाम साधुकुटीलाई राष्ट्रस्तरीय धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने, गुरुकुल बचाउने अभियान, धर्म, संस्कार र संस्कृतिको संरक्षण गर्ने उद्देश्यले महामहोत्सवको आयोजना गरिएको मूल आयोजक समितिका संयोजक ज्ञानु सुवेदीले जानकारी दिए ।

उक्त महोत्सवमा हुने महापुराणको प्रमुख कथावाचकका रुपमा ईश्वरकृष्ण महाराजजी रहने संयोजक सुवेदीले बताए । यसअघि २३ औं पटक धार्मिक अनुष्ठान सम्पन्न भइसकेको छ । लामो समयदेखि आयोजना गरिदै आएको कञ्चन जलढाला धार्मिक मेला महामहोत्सवको अर्को आकर्षण रहेको छ ।

पुरातात्विक महत्व बोकेर पनि ओझेलमा परेको यो क्षेत्रको विविधता उजागर गराउन यस महापुराणले महत्वपूर्ण भूमिका खेल्ने पुराण व्यवस्थापन समितिका सहसंयोजक जीवन पनेरुले बताए । आयोजक समितिका सचिव बेदमणि दाहालले स्वागत गरेको कार्यक्रममा महासचिव पुष्प भट्टराईले गुरुकुलको बारेमा जानकारी गराएका थिए । कार्यक्रमको सञ्चालन सचिव दीपेन्द्र खरेलले गरेका थिए ।

महोत्सव सम्पन्न गर्न १ हजार १ मूलआयोजक समिति र १ सय ५१ वटा क्षेत्रीय उपसमिति गठन गरिने पत्रकार भेटघाट कार्यक्रममा जानकारी दिइएको छ । महोत्सवको प्रचारका लागि १७ गते जिल्ला व्यापी मोटरसाइकल र्याली र उद्घाटनको दिन बिहान विभिन्न जातजातिका सांस्कृतिक पहिचान झल्कने झाँकीसहित १ हजार भन्दा धेरैजनाको सहभागितामा शोभायात्रा आयोजना गर्ने आयोजकको तयारी रहेको छ ।

सहनशील महिला साकोसको १४औं सभा

अर्जुनधारा, मंसीर ११। झापाको अर्जुनधारा-८स्थित सहनशील महिला बचत तथा ऋण सहकारी संस्थाको १४औं वार्षिक साधारणसभा सोमबार सम्पन्न भएको छ ।

शनिश्चरे बजारस्थित सामुदायिक भवनको सभाहलमा संस्था सञ्चालक समितिकी अध्यक्ष ज्ञानकुमारी थापाको अध्यक्षतामा आयोजित उक्त सभाको प्रमुख अतिथि झापा जिल्ला सहकारी संघ लेखा समितिकी सदस्य नीलाकुमारी दाहालले उद्घाटन गरेकी थिइन् ।

सभामा संस्थाको गतआर्थिक वर्ष ०७९/०८०को वार्षिक प्रगति प्रतिवेदन कार्यालय सहायक निर्मला राईले, लेखा समितिको प्रतिवेदन संयोजक कल्पना विश्वकर्माले र चालूआर्थिक वर्ष ०८०/०८१को वार्षिक नीति तथा कार्यक्रम र बजेटसहितको प्रतिवेदन व्यवस्थापक पम्फादेवी विश्वकर्माले प्रस्तुत गरेका थिए ।

प्रस्तुत प्रतिवेदनमा संस्थाको जम्मा चुक्ता शेयर पूँजी ९४ लाख २९ हजार सात सय रुपैयाँ, जगेडा कोषमा ५३ लाख ७५ हजार नौ सय ४४ रुपैयाँ १३ पैसा, अन्य कोषमा १० लाख ९९ हजार दुई सय १८ रुपैयाँ ४३ पैसा, जोखिम कोषमा १९ लाख १८ हजार नौ सय २३ रुपैयाँ, निक्षेप एक करोड ९६ लाख सात हजार दुई सय तीन रुपैयाँ ५२ पैसा, कर्जा लगानी चार करोड १६ लाख ५२ हजार तीन सय सात रुपैयाँ उल्लेख गरिएको छ ।

त्यसैगरी संस्थाको गतआर्थिक वर्षको जम्मा आम्दानी ७१ लाख ९९ हजार चार सय ८४ रुपैयाँ ३० पैसा, जम्मा खर्च ५७ लाख ३३ हजार आठ सय ५९ रुपैयाँ ७३ पैसा र खुद नाफा १४ लाख ६५ हजार

छ सय २४ रुपैयाँ ५७ पैसा रहेको छ ।

सोही कार्यक्रममा उत्कृष्ट बाल बचतकर्ता छेन्चीहाङ राई, उत्कृष्ट ऐच्छिक बचतकर्ता सुष्मा पौडेल, उत्कृष्ट मासिक बचतकर्ता प्रमिला राजवंशी, उत्कृष्ट मुद्धति बचतकर्ता सफिना खान, असल ऋणी गोपाल विक, उत्कृष्ट विद्यार्थीद्वय विष्णुमाया कोइराला र सौजन सुजीलाई पुरस्कृत एवम् सम्मानित गरिएको थियो ।

कार्यक्रममा अर्जुनधारा उद्योग वाणिज्य संघका अध्यक्ष इन्दिवर खड्का, नगर सहकारी समन्वय समितिका संयोजक कृष्णप्रसाद चापागाईं, कालिका बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कर्णबहादुर तामाङ, प्रज्ज्वला अपाङ्ग तथा महिला बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष डिल्ली घोर्साईं, लालीगुँरास महिला कृषि सहकारी संस्थाकी अध्यक्ष चन्द्रा सुब्बा, अग्रज पत्रकार दिपीन राई, सल्लाहकार बद्रीप्रसाद ओलीलगायतले शुभकामना मन्तव्य राखेका थिए । समितिकी उपाध्यक्ष सविता लिम्बूले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन व्यवस्थापक विश्वकर्माले गरेकी थिइन् ।

बेहुलाद्वारा बेहुलीको हत्या

काठमाडौं, मंसीर ११। एक सम्मानित थाई पारा एथलिटले आफ्नो विवाहको रिसेप्सनमा आफ्नी दुलही र अन्य चार जनाको हत्या गरेपछि आफैंलाई बन्दुकले हानेको प्रहरीले सोमबार बताएको छ ।

आसियान पारा खेलकुदको रजत पदक विजेता २९ वर्षीय चतुरोङ सुक्सुकले शनिबार उत्तरपूर्वी थाइल्यान्डमा भएको विवाहमा दुलही कञ्चना पचुन्थुक, उनकी आमा र बहिनीलाई गोली चलाएका थिए । उनीहरूबीच निजी मामिलामा बहस भएको थियो र चतुरोङले आफ्नो कारमा गए र गोली चलाउनुअघि बन्दुक उठाए- उत्तरपूर्वी नाखोन रत्चासिमा प्रान्तका प्रहरी अधिकारी म्याटिचोन वोङगबाओकुलले भने । उनका अनुसार चतुरोङले स्वयम्लाई मार्नुअघि पहिला आफ्नी दुलही र अन्य चार जनामाथि गोली चलाएका थिए । मारिनेमध्ये एक अतिथि पनि थिए ।

पौडी खेलाडी उनले इण्डोनेशिया र कम्बोडियामा सन् २०२२मा भएको आसियान पारा खेलकुद प्रतियोगितामा दुई रजत पदक जितेका थिए । उनी थाई सेनाका रेन्जर रहेको र सीमामा गस्ती गर्ने क्रममा उनले आफ्नो दाहिने खुट्टा गुमाएको स्थानीय मिडियाले बताएका छन् ।

कानूनी र अवैध दुवै तरिकाले सजिलै बन्दुक उपलब्ध हुने थाइल्यान्डमा बन्दुक हिंसा सामान्य छ । यद्यपि सामुहिक गोली हानाहान सामान्यतया दुर्लभ हुन्छन् । यो हमला गत महिना एक मलमा भएको हमलामा तीन व्यक्ति मारिएको घटनापछि भएको हो ।

कांग्रेस ...

भएका थिए । त्यागी र नेपाली कांग्रेसका निष्ठावान नेताका रुपमा परिचित शर्माको मंगलवार (आज) कनकाई माईमा ११ बजे दाहसंस्कार गरिने नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाँईले जानकारी दिए ।

पाँच वर्षअघि जीवनसंगिनी गुमाएका दिवंगत दाहालका तीन छोराहरु बिनोद, प्रमोद, आमोद र एक छोरी प्रमिला रहेका छन् । उनले पार्टीसँगै स्थानीय सामाजिक संघ-संस्थाहरुमा समेत योगदान पुऱ्याँउदै आएका थिए । शर्माको निधनप्रति दुःख व्यक्त गर्दै १२ गते नेपाली कांग्रेस झापाको कार्यालय बन्द रहने र तीन दिनसम्म झण्डा झुकाउने पार्टी सचिव हुमागाँईले जानकारी दिए ।

पोर्चुगल ...

र पाल्पा घर काठमाडौं बस्ने ३३ वर्षीय चक्र पोखरेल रहेका छन् ।

डाँगीले जोनसन श्रेष्ठलाई पोर्चुगल पठाइदिन्छु भन्दै १० लाख रुपैयाँ ठगी गरेका थिए । पटक-पटक रकम लिएर उनी सम्पर्कविहीन बनेका थिए । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले उनलाई गोङ्गबुवाट उनी पक्राउ गरेको हो ।

त्यस्तै, दीपेश तामाङलाई कुवेत पठाइदिन्छु भन्दै १ लाख ८६ हजार रुपैयाँ रकम लिएर सम्पर्क विहीन बनेका पाल्पा रब्दिकोट-४का चक्र पोखरेललाई पनि प्रहरीले पक्राउ गरेको छ । त्यसैगरी साउदी अरब पठाइदिन्छु भन्दै जमाल अहमद फकिरबाट रकम लिई सम्पर्कविहीन भएका इम्बाहिम मियाँलाई आइतवार प्रहरीले पक्राउ गरेको छ । नवलपरासी (बर्दघाट सुस्तापश्चिम) प्रतापपुर-७ घर भई काठमाडौं सिनामंगल बस्ने ५८ वर्षीय मियाँलाई प्रहरीले पक्राउ गरेको हो । पक्राउ परेका सबैलाई अनुसन्धान र कारवाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको जनाइएको छ ।

विवादित ..

आन्दोलनको क्रममा धर्मगुरु आचार्य श्रीनिवास पक्राउ परेका हुन् ।

त्रिशूलसहित सडकमा निस्किएका उनलाई उग्र अभिव्यक्ति दिएर उत्तेजना फैलाएको आरोपमा प्रहरीले नियन्त्रणमा लिएको हो । प्रसाईंको आव्हानमा सोमवार गौशालामा धार्मिक अभियान्तासहितको जुलुस निकालिएको थियो । त्यसमा आचार्य श्रीनिवास पनि सहभागी भएका थिए । श्रीनिवासले सडकमै सुतेर विरोध जनाएका थिए ।

यता गौशालाको मूल सडक नै कब्जा गर्ने क्रममा प्रसाईं समर्थकलाई प्रहरीले बल प्रयोग गरेको थियो । प्रदर्शनकारीले ढुंगामुढा गर्न थालेपछि प्रहरीले केहीलाई पक्राउ गरेको छ । यसैबीच मेडिकल व्यवसायी प्रसाईं नेतृत्वको 'राष्ट्र, राष्ट्रियता धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान'ले गरेको प्रदर्शनमा घाइते भएकाहरूलाई अस्पताल लगिएको छ ।

काठमाडौंको गौशालामा प्रसाईंका समर्थकले सोमबार प्रदर्शन गरेको थियो । प्रदर्शनमा केहीबेर अवस्था तनावग्रस्त बनेपछि प्रहरीसँग मुठभेड समेत भएको थियो । सो मुठभेडमा परी घाइते भएका प्रदर्शकारीहरूलाई सिनामंगलस्थित काठमाडौं मेडिकल कलेज लगिएको हो ।

उनीहरूलाई पक्राउ गरेर प्रहरीले अहिले गौशाला प्रहरी वृत्तमा राखेको छ । काठमाडौं प्रहरी प्रमुख भूपेन्द्र खत्रीका अनुसार प्रदर्शनमा अन्य ५ जना प्रहरी समेत घाइते भएका छन् । स्थिति नियन्त्रणमा लिनका लागि सो क्षेत्रमा अहिले ठूलो संख्यामा प्रहरी परिचालन गरिएको छ ।

काठ ...

जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

आगलागीबाट चार लाखको काठ चिर्ने मेसिन, दुई लाखको काठ र अन्य एक लाख रुपैयाँ गरी जम्मा सात लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ । आगलागीमा मानवीय तथा चौपायको भने क्षति नभएको प्रहरीले जानकारी दिएको छ । पछिल्लो केही दिन यता झापामा आगलागीका घटनाहरु बढ्दै गएका छन् ।

अनलाइन...

गर्न लगाई ठगी गरेको उजुरी परेको थियो ।

सोही उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिन भवनबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । उनलाई ठगी सम्बन्धी कसूरमा आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी परिसर ललितपुर पठाइएको छ ।

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

विष्णुप्रसाद प्रसाईको नाति, देवीप्रसाद प्रसाईको छोरा कोशी प्रदेश झापा जिल्ला वितामोड नगरपालिका वडा नं. ५ बस्ने हरिकुमार प्रसाईले यस शाखामा बचत खाता नं. १८२१५२४०७००४७३ र लकर नं ००२० सञ्चालन गर्दै आउनु भएकोमा मिति २०७९/०८/१७ मा निज खातावाला हरिकुमार प्रसाईको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा र लकरमा रहेको रकम/सामान पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने धर्मा पराजुलीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाण-पत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनुभएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक खातावाला हरिकुमार प्रसाईको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी र लकरमा रहेको सामानहरु दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दावी गर्न यस बैंकको वितामोड शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खातामा रहेको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.

वितामोड शाखा
मुक्तिचोक, वितामोड, झापा
फोन नम्बर:०२३-५३०९१०

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

कपिलमनि न्यौपानेको नाति, डिल्ली राम न्यौपानेको छोरा कोशी प्रदेश झापा जिल्ला कन्काई नगरपालिका वडा नं. २ बस्ने भीमबहादुर शर्मा भन्ने भीमप्रसाद न्यौपानेले यस शाखामा बचत खाता नं १८२१५२४०३००७०५ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०८०/०३/०३ मा निज खातावाला भीमबहादुर शर्मा भन्ने भीमप्रसाद न्यौपानेको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको श्रीमती नाता पर्ने इन्द्र कुमारी नेउपानेले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक खातावाला भीमबहादुर शर्मा भन्ने भीमप्रसाद न्यौपानेको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको वितामोड शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खातामा रहेको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.

वितामोड शाखा
मुक्तिचोक, वितामोड, झापा
फोन नम्बर:०२३-५३०९१०

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

प्रमाणसिंह तामाङको नाति, भीमबहादुर तामाङको छोरा कोशी प्रदेश झापा जिल्ला वितामोड नगरपालिका वडा नं. ५ बस्ने कविरमान तामाङले यस शाखामा बचत खाता नं १८२१५२४०३०११२१ र १८२१५२४१४११४२४ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०८०/०५/३१ मा निज खातावाला कविर मान तामाङको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने मुना तामाङले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक खातावाला कविर मान तामाङको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको वितामोड शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खातको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.

वितामोड शाखा
मुक्तिचोक, वितामोड, झापा
फोन नम्बर:०२३-५३०९१०

Invitation for Electronic Bids

Kamal Rural Municipality
Office of Rural Municipal Executive
Koshi, Province, Jhapa

Second Date of publication: 2080/08/12 (2023/11/28)

1. Kamal Rural Municipality, Topgachhi, Jhapa invites electronic bids from eligible bidders for the following.

Contract ID No.	Name of The Procurement	Procurement method	Bid Security Amount(Nrs)	Bid Document Fee (NRs)	Bid Submission Date	Bid Opening Date
10A/KRM/ MEDICINES/ 2080/081	Supply and Delivery of Medicines & Surgical Items.	Sealed Quotation	100000.00	1,000.00	Dec 13, 2023 (2080-08-27) 12:00 NOON	Dec 13, 2023 (2080-08-27) 13:00 PM

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Kamal Rural Municipality, Topgachhi, Jhapa 023-475081, info@kamalmun.gov.np or may visit PPMO e-GP systemwww.bolpatra.gov.np/egp.

CHIEF ADMINISTRTIVE OFFICER

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०५५/ ९८१७५९५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७५१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

चिया समृद्धिको आधार

नेपालमा चिया रोपण शुरु भएको डेढ सय वर्षभन्दा बढी भएको छ । तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले चीन भ्रमणका क्रममा उपहार पाएको चियाको बिरुवा नै नेपालको पहिलो चियाको बिरुवा मानिन्छ । प्रधानमन्त्री जंगबहादुरले उक्त बिरुवा इलामका वडाहाकिम गजराजसिंह थापालाई हस्तान्तरण गरेका थिए । थापाले उक्त बिरुवा इलामका डाँडाहरुमा रोपण गराए । त्यही क्रम बढ्दै गएर आज चियाखेती नेपालको राष्ट्रिय आयको एउटा भरपर्दो आधार बनिएको छ । इलामबाट शुरु भएको चियाखेती क्रमशः झापा लगायत देशका धेरै जिल्लाहरुमा विस्तार भइसकेको छ भने त्यसको निर्यातबाट साना किसानदेखि उद्योगीहरु समेत उत्साहित भएका छन् ।

वि.सं. २०३५ सालमा तत्कालीन राजा वीरेन्द्रले पूर्वी नेपालका इलाम, झापा, पाँचथर, धनकुटा र तेह्रथुमलाई चिया क्षेत्र घोषणा गरेपछि यसले व्यवसायिक रुप लियो । किसानका बाँझा खेत, डाँडापाखा चियाका बोटले ढाकिन थाले । चियापत्ती बेचेर आयआर्जन पनि गर्न थाले । त्यही क्रम बढ्दै जाँदा चिया प्रशोधन कारखानाहरुको स्थापना हुँदै गए र किसान नै त्यसका मालिक पनि भए । यसरी उत्पादन भएको चियाले विश्व बजारलाई आकर्षित गर्न सफल भएको छ । परिणाममा चिया नेपालको निर्यातजन्य कृषि उपजको महत्वपूर्ण हिस्सा बनिएको छ । नगदेबालीका रुपमा स्थापित चियाको खेती अहिले २७ हजार छ सय ८८ हेक्टर मा भइरहेको छ । बर्सेनि वृद्धि भइरहेको क्षेत्रफलसँगै भइरहेको निर्यात र आर्जित विदेशी मुद्रा देशको अर्थतन्त्रको बलियो हिस्सा बनिएको छ ।

नेपालको चियाको अन्तर्राष्ट्रिय बजारमा उच्च माग रहेको छ । जसका कारण अर्थोडक्स चियाको ठूलो हिस्सा विदेश निर्यात हुने गरेको छ । उत्पादित चियामध्ये साठी प्रतिशत सीटीसी नेपालमै खपत हुन्छ भने अर्थोडक्स चिया नब्बे प्रतिशत विदेशी बजारमा बिक्री हुन्छ । नेपालको दोलखा, सिन्धुपाल्चोक, रामेछाप, ललितपुर, कास्की, लमजुङ लगायतका पहाडी जिल्लामा समेत विस्तार भएको चिया खेतीलाई अर्ग्यानिक तथा गुणस्तरीय बनाउन सके किसानसँगै राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान दिन सकिन्छ । झण्डै साठी हजार मानिसलाई रोजगारीको अवसर दिएको चिया खेती, उत्पादन, बजारीकरण, प्रविधि, उपचार तथा निर्यातमा विद्यमान समस्याहरुको समाधानमा राज्यका तर्फबाट आवश्यक सहयोग हुने हो भने यसबाट अझै बढी लाभ लिन सकिन्छ । समृद्धिको मुख्य आधारका रुपमा रहेको चिया रोपण, विस्तार र प्रवर्द्धनमा योगदान दिने सबैको अथक प्रयासले राष्ट्रको पहिचान बन्न सफल चिया खेती र उत्पादन राष्ट्रको समृद्धिको आधार बन्नुपर्छ ।

लागूऔषधको लतले धेरैको जीवन बर्बाद बन्दै

नरेन्द्र ढकाल

हरेक बिहानीले दिनको संकेत गर्छ भने झैं अहिलेको वर्तमान अवस्थाले भविष्यको अवस्थाको चित्रण गर्दछ । हाल दैनिकजसो लागूऔषध कारोबार तथा प्रयोगका मुद्दामा झापामा युवाहरु पक्राउ पर्ने गरेका छन् । जिल्ला प्रहरी कार्यालयसहित काँकरभिट्टा, बिर्तामोड, दमक लगायतका इलाका प्रहरी कार्यालयको हिरासतमा रहेका मध्ये अधिकांश लागूऔषध कारोबारी तथा प्रयोगकर्ताहरु रहेका छन् । यसले के संकेत गर्छ भने अब आउने एउटा पुस्ता लागूऔषधको ठूलो दल-दलमा फस्दैछ । लागूऔषधको प्रयागले परिवारमा कतिको विचलन ल्याएको छ भन्ने विषय त्यससँग पीडित परिवारले राम्रोसँग भोगेकै छन् । आफ्ना सन्तानलाई सुर्धानका लागि विभिन्न सुधार गृहहरुमा लामो समय राखे पनि पुनः लागूऔषधको दल-दलमा फस्ने क्रमले गर्दा धेरैको परिवार उजाडिएको छ । केही प्रतिष्ठित परिवारका रुपमा कहलिएका परिवारमा पनि आफ्ना सन्तान लागूऔषधको कुलतमा फसेका कारण तनाव सिर्जना भएका छन् ।

पछिल्लो समय आफ्ना सन्तानको आवश्यकता पूरा गर्ने बहानमा मनोमानी छाड्ने प्रवृत्तिका कारण धेरै युवा-युवतीहरु लागूऔषध जस्ता कुलतको दल-दलमा फस्दै गएका हुन् । स्वतन्त्रताका नाममा आफ्ना सन्तानको हेरचहार नगर्दा कुलतको जञ्जालमा फसेपछि मात्रै धेरै थाहा पाउने गरेका छन् । आफ्नो र परिवारको इज्जत जाने डरले समाजमा खुलेर नभन्दा र आफ्ना सन्तानका समस्यालाई ढाकछोप गर्ने प्रवृत्तिका कारण पनि धेरै युवाहरु कुलतको नशामा नराम्रोसँग फस्दै गएका छन् । नेपाल प्रहरीका अनुसार पछिल्लो समय आपराधको एउटा प्रमुख कारक लागूऔषध बन्दै गएको छ । लागूऔषधको नशामा फसेकाहरु जस्तोसुकै अपराध गर्न पनि पछि नपर्ने गरेको प्रहरीको अनुसन्धानबाट खुलेका छन् । चोरी, तस्करी तथा हत्या, अपहरण जस्ता जघन्य अपराध गर्न पनि उनीहरु पछि नपर्ने भएकाले लागूऔषध समाज र देशकै लागि ठूलो चुनौतीको विषय बन्न थालेको छ ।

झापामा खुल्ला सिमानाको फाइदा उठाएर लागूऔषधको कारोबार हुने गरेको छ । लागूऔषध प्रयोगकर्ताकै शब्दमा भन्ने हो भने झापा जिल्ला 'अक्का जिल्ला' हो । अर्थात् झापामा सक्कली माल पाइन्छ । यस अर्थमा झापामा कारोबार गर्नेहरुले सक्कली माल बच्ने भन्दै कारोबारीहरुले झापालाई ट्रान्जिट पोइन्ट बनाइरहेका छन् । खुल्ला सिमानाको फाइदा उठाउँदै भारतका विभिन्न स्थानबाट लागूऔषध नेपाल भित्रने गरेको छ । झापाबाट लागूऔषध अन्य जिल्लामा पुग्ने गरेको प्रहरीले अनुसन्धानबाट खुलेका छन् । प्रहरीले केही समयअघि चन्द्रगढी विमान स्थलबाट महिलाले लगाउने प्याडभित्र सोही आकारमा लुकाएर लैजान लागेको अवस्थामा महिलालाई पक्राउ गऱ्यो । उनी पक्राउ पर्नु अघि पनि पटक-पटक उक्त विमान स्थल प्रयोग गर्दै काठमाडौं-झापा यात्रा गरेको खुलेको थियो ।

हवाई तथा स्थल मार्ग हुँदै लागूऔषध कारोबार हुने थाहा पाए लगत्तै झापा प्रहरीले निगरानी बढाएर केही कारोबारीलाई पक्राउ गरे पनि लागूऔषध कारोबारीको जञ्जाल तोड्न सकेको छैन् । यसमा प्रहरी एक्लैको केही लाग्दैन । जबसम्म हरेक नागरिक जागरुक बन्दैनन् तबसम्म यो असम्भव नै हो । आफ्ना सन्तानलाई समय नदिने, उनीहरुको संगत तथा उनीहरुको व्यवहारबारे जानकारी नलिने हो भने अबको केही वर्षमा एक घर एक व्यक्ति लागूऔषधको कुलतमा फस्ने पक्का छ । भारतीय पक्षले नेपालीलाई खुलेआमरुपमा लागूऔषध बिक्री गर्न दिने गरेको स्वयम् लागूऔषध कारोबारीहरु स्वीकार गर्छन् । तर, भारतीय प्रशासन यो कुरा मन्न तयार छैन् ।

लागूऔषधसँग सम्बन्धित कानून परिमार्जन गर्नुपर्ने आवाज पछिल्लो समय उठ्न थालेको छ । नेपालमा ४७ वर्षअघि बनेको कानून हालसम्म कार्यान्वयनमा छ । कानून परिमार्जन गरेर कठोर शारीरिक श्रममा लगाउने कानून नबनाएसम्म लागूऔषधमा फसेकाहरुलाई सुधार गर्न नसकिने धेरैको बुझाइछ । लागूऔषधविरुद्धको कारवाहीमा लागूऔषध नियन्त्रण

ऐन २०२३ प्रयोगमा छ । लागूऔषध दुर्व्यसन नियन्त्रणको क्षेत्रमा कार्यरत अगुवाहरूले कानून संशोधन एवम् परिमार्जनको आवाज तड्कारो रूपमा उठाउन थालेका हुन् । कानून संशोधन एवम् परिमार्जन गरेर भए पनि कठोरखालको शारीरिक परिश्रममा नलाए उनीहरुको आनी-बानीमा सुधार नआउने धेरैको बुझाई छ । ४७ वर्षअघिको कानून परिमार्जन गर्ने विषयमा राजनीतिक नेतृत्वले सोच्ने बेला भइसकेको छ ।

लागूऔषध सम्बन्धी कानून धेरै पुरानो भइसकेकाले परिवर्तनको आवश्यकता भइसकेको छ । प्रत्येक प्रदेशले आफ्नो प्रदेशको अवस्थालाई हेरेर प्रदेश सरकारले अलग्गै कानून निर्माण गरेर कार्यान्वयनमा नल्याए लागूऔषधको अवस्था झन् भयावह बनेर जाने निश्चित नै छ । लागूऔषध मुद्दामा मुछिएकाले हिरासत र कारागार भरिँदा पनि सरकारले वास्ता गरेको छैन् । पुरानो कानून संशोधन र परिमार्जन गरेर नयाँ बनाउनेतर्फ ध्यान नदिए लागूऔषधको अवस्था थप भयावह बन्ने निश्चित छ । लागूऔषधले निम्त्याइरहेको मानसिक, आर्थिक, पारिवारिक र सामाजिक क्षतिलाई नजरअन्दाज गर्दै अघि बढेमा एक दिन नेपालमा कुलतमा नफसेका व्यक्ति भेट्न मुस्किल पर्नेछ । यसले नेपालमा आर्थिक, राजनीतिक तथा सामाजिक क्षेत्रमा ठूलो असर पर्ने पक्का छ ।

राज्यले लागूऔषधविरुद्ध जनसमुदायसम्म पुग्ने प्रभावकारी काम गर्न सकेको छैन् । स्थानीय सरकारले लागूऔषध नियन्त्रणका लागि कुनै योजना नै बनाएको पाइएको छैन् । बनाएकाहरुले पनि कार्यान्वयन कसरी गर्नेमै अल्मलिएका छन् । लागूऔषधको दल-दलमा फसेकाहरुलाई उचित ढंगले सुधार गर्न नसक्दा अपराधमा जोडिने डर उत्तिकै छ । उनीहरुलाई पुनः अपराधमा नजोडिउन् भनेर लागूऔषध मुद्दा चलाइएकाहरू समाजमा पुर्नस्थापना हुने वातावरण बनाउनतर्फ राज्यले उचित कानूनहरु निर्माण गर्न जरुरी छ । सुधार गृह वा कारागारबाट निस्किएपछि पुनः दुर्व्यसनमा पुग्ने वातावरण बन्छ ।

यसमा राज्य दोषी छ । किनकि समाजमा प्रयोगकर्ताहरुलाई हेर्ने दृष्टिकोण परिवर्तन हुन नसक्दा ऊ पुनः कुलतकै बाटो रोज्न बाध्य हुन्छ । उसलाई सधैं प्रयोगकर्ता कै नजरले हेरिदिँदा समस्या विकराल बन्ने गरेको छ । लागूऔषधलाई राज्यले अपराधसँग जोड्यो, मानिसको स्वास्थ्य र सामाजिक क्षेत्रसँग जोड्न नसक्दा धेरैले यो लतबाट छुटकरा पाउन सकेनन् । लागूऔषध प्रयोगकर्ताहरुलाई सचेतनामूलक कार्यक्रहरु गर्न नसक्दा अहिलेको पुस्ता लहैलहैमा गलत बाटोमा हिँडीरहेको छ । यसलाई रोक्ने हामी सबैको दायित्व हो ।

झापासहित कोशी प्रदेशमा २२ हजारभन्दा धेरै कडाखालको लागूऔषधका प्रयोगकर्ता रहेको विभिन्न तथ्यांकहरुमा उल्लेख गरिएको छ । यो थोरै संख्या होइन् । गृह मन्त्रालयले लामो समयदेखि लागूऔषध कारोबारी तथा यसको अवस्थाबारे केही तथ्यांक सार्वजनिक गरेको छैन । २०७६ सालको तथ्यांकपछि हालसम्म कुनै अवस्था सार्वजनिक गरेको छैन । अहिलेको अवस्था झन भयावह बन्दै गएको पक्का छ । खुल्ला सीमाना र लागूऔषधको सहज प्राप्ति कारोबार वृद्धिको प्रमुख कारण हो । ग्रामीण क्षेत्रमा हुने गाँजा र अफिम खेतीको भरपर्दो अनुगमन प्रणाली नहुनु, खर्चिलो सूचना व्यवस्थापन विधि र बजेटको सिमितता नियन्त्रणका चुनौती रहेको प्रहरी स्रोतको भनाइ छ ।

गलत मनसायका व्यक्तिहरुले अर्थोपार्जनको उद्देश्यले लागूऔषध ओसारपसार गरिरहेको र विशेषगरी युवावर्ग दुर्व्यसनीमा लागेको विभिन्न तथ्यांकले देखाएको छ । परिवार, समाज र विद्यालयबाट उचित मार्ग निर्देशन र हेरचाहको अभाव, सही निर्णय क्षमताको कमी, आनन्द प्राप्तिको अभिलाषा र साथीको संगत लगायतका कारणले युवावर्ग लागूऔषधको दुर्व्यसनीमा फसेको पाइएको छ । यसका लागि सबैभन्दा पहिला लागूऔषधको विषयमा घरमा अभिभावकलाई जागरुक गर्न आवश्यक देखिएको छ । आफ्नो सन्तानको निगरानी बेलैमा नगर्ने हो भने पछि पछुताउनु बाहेक केही हुँदैन । लागूऔषधबाट शहरी क्षेत्रमा बसोबास गर्ने २० देखि २९ वर्षका २२.४ प्रतिशत र १५ देखि १९ वर्षका १९.९ प्रतिशत युवा वर्ग दुर्व्यसनमा फसेको तथ्यांकले देखाएको छ ।

लागूऔषध प्राकृतिक र अर्धकृतिम पदार्थ भएकाले यसको प्रयोगले व्यक्तिको केन्द्रीय स्नायु प्रणालीमा असर पुऱ्याई सोच्ने, बुझ्ने र विश्लेषण गर्ने शक्तिमा विचलन ल्याउने चिकित्सकहरुको भनाइ छ । व्यक्तिको शारीरिक, आर्थिक, मानसिक, पारिवारिक र कानूनी पक्षलाई नराम्रोसँग असर पुऱ्याउने भएकाले कुनै पनि प्रकारको लागूऔषध चिकित्सकको सल्लाह बिना आफूखुशी धेरै मात्रामा वा गलतरुपमा प्रयोग गरिन्छ भने त्यो लागूऔषध दुर्व्यसन भएको चिकित्सकहरु बताउँछन् । यस्ता प्रयोगकर्ता दुर्व्यसनी हुन् । नागरिक हितका खातिर तथा सामाजिक, आर्थिक, मानसिक प्रभाव समेतलाई मध्यनजर गरी यस्ता पदार्थ प्रतिबन्धित रहेको प्रहरीले जनाएको छ । विश्वव्यापी समस्याको रुपमा रहेको लागूऔषध प्रयोग र कारोबार नेपालमा पनि जटिल बन्दै गएको छ । सामाजिक समस्याको रूपमा रहेको लागूऔषध नियन्त्रणमा पछिल्लो समय प्रहरीको सक्रियताका कारण धेरै ठूलो संख्यामा अपराधी पक्राउ पर्ने गरेको जनाइएको छ ।

झापासहित कोशी प्रदेशका केही जिल्लामा दैनिकजसो लागूऔषध कारोबारी तथा प्रयोगकर्ता पक्राउ पर्ने गरेका छन् । यसको नियन्त्रणका लागि परिवारका सदस्यहरू पनि आफ्ना बालबालिकाको क्रियाकलापबारे सचेत हुन आवश्यक छ । युवा वर्ग भविष्यप्रति सचेत भई यसको सेवनबाट टाढा रहन सक्नुपर्छ । सरकारीस्तर, प्रहरी, समाज, सरोकारवाला निकाय र आमनागरिक मिलेर कानूनले तोकेको पथ पछ्याउँदै सक्रियरूपमा कामप्रति समर्पित हुन सके यस्ता अपराध नियन्त्रणमा पक्कै सफलता मिल्नेछ । त्यसका लागि स्थानीय सरकारले लागूऔषधविरुद्धका कार्यक्रम तथा अभियानलाई चासो र महत्वका साथ उठान गरेर कडाईका साथ उत्रन जरुरी छ ।

सचेतनासँगै कारवाही अभियानलाई तीव्रता दिएमा लागूऔषध कारोबार तथा प्रयोगकर्ताको संख्याका कमी ल्याउन सकिने छ भने झापासहितका जिल्लामा कोही पनि मानिस अनावश्यक रुपमा आवतजावत गर्दैछ भने उसको निगरानी गर्न पनि जरुरी देखिएको छ । लागूऔषधविरुद्धका अभियानमा सबै संघ-संस्था एक जुट भएर अघि बढेमा नियन्त्रण गर्न नसके पनि न्यूनीकरणमा भने पक्कै सफल मिल्नेछ । लागूऔषधलाई लतको रुपमा लिइँदा धेरैको जीवन बर्बाद बन्दै गएको छ भने धेरैको परिवार उजाडिएको छ । त्यसैले यस्ता कुलतबाट आफू पनि जोगियौं, अरुलाई पनि जोगाऔं ।

बालाजी टोलको अधिवेशन

बिर्तामोड, मंसीर ११। बिर्तामोडस्थित बालाजी टोलको पाचौं अधिवेशन सम्पन्न भएको छ ।

बिर्तामोड-५ स्थित बालाजी टोल विकास संस्थाको अधिवेशनको अवसरमा ज्येष्ठ नागरिकलाई सम्मान गरिएको हो । संस्थाका अध्यक्ष नरेन्द्रकुमार अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड-५ का वडाध्यक्ष रोहित प्रसाईको आतिथ्य रहेको थियो ।

कार्यक्रममा संस्थामा तीन कार्यकाल नेतृत्व गरेका नन्दकेशर निरौलालाई अभिनन्दन गरिएको थियो । सोही अवसरमा १३ जना ज्येष्ठ नागरिकलाई सम्मान गरिएको थियो । सम्मानित हुनेहरुमा लक्ष्मीनारायण वंशल, डम्बरकुमारी निरौला, लालमाया चोङ्बाङ्ग, हर्षकुमारी काफ्ले, काशीनाथ प्रसाई, बुद्धिमान चौहान, मनमाया चौहान, देवीमाया खनाल, चन्द्रलाल सुवेदी, वनवरीलाल अग्रवाल, लक्ष्मीमाया अधिकारी र उमाकान्त श्रीवास्तवलाई सम्मान गरिएको थियो ।

सोही अवसरमा सर्वसम्मत रुपमा पुनः नरेन्द्र अधिकारीको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति चयन गरेको छ । समितिको उपाध्यक्षमा वेदप्रकाश वंशल, सचिव ज्ञानेन्द्र अधिकारी, सहसचिव टंक खनाल, कोषाध्यक्ष तारा खनाल तथा सदस्यहरु महानन्द खनाल, लक्ष्मी आचार्य, लीला सुवेदी, बुद्धिमान चौहान, जीवन कार्की र भिमाकुमारी गुरुङ रहेका छन् ।

ज्ञानेन्द्र अधिकारीले आयव्यय विवरण प्रस्तुत गर्दै स्वागत गरेको कार्यक्रममा बिर्तामोड-५ का वडासदस्य दुर्गाप्रसाद सुवेदी, ओमभक्त सेढाई, विष्णुकुमार निरौला लगायतको सहभागिता रहेको कार्यक्रमको सहजीकरण संस्थाका सल्लाहकार डा. चन्द्र शर्मा दुलालले गरेका थिए ।

पाण्डवको नेतृत्व चयन

लक्ष्मीपुर, मंसीर ११। अर्जुनधारा-५ लक्ष्मीपुरस्थित पाण्डव बचत तथा ऋण सहकारी संस्था लि.मा पुष्पबहादुर घलेको अध्यक्षतामा ११ सदस्यीय नयाँ सञ्चालक समिति सर्वसम्मत चयन भएको छ ।

नवदुर्गा सामुदायिक भवनमा आयोजित संस्थाको वार्षिक साधारणसभा तथा अधिवेशनले तीन सदस्यीय समितिसहित सञ्चालक समिति चयन गरेको हो । झापा जिल्ला सहकारी संघका सहसचिव कृष्णप्रसाद मिश्रको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रमा अध्यक्ष घले नेतृत्वको संचालक समितिको उपाध्यक्षमा देवीकुमारी घिमिरे, सचिवमा अर्जुनमणि निरौला, सहसचिवमा छत्र सुब्बा, कोषाध्यक्षमा लोकेन्द्र भुजेल सर्वसम्मत चयन भएका छन् ।

त्यस्तै समितिको सदस्यहरुमा गोपाल बस्नेत, टेकबहादुर गिरी, कर्णबहादुर दाहाल, खिनामाया पुरी, मणिकुमार राई र विमला दुङ्गेल चयन भएका छन् । सोही भेलाले उमाकान्त लम्साल संयोजक रहेको लेखा समितिको सदस्यहरुमा बुद्धिसागर कट्टेल र गोपीकृष्ण ढकाललाई सदस्यपदमा सर्वसम्मत छनोट गरेको छ ।

कार्यक्रममा संस्थाको कुल पूँजी रु. तीन करोड ४५ लाख ८९ हजार नौ सय ३५ रुपैयाँको आर्थिक प्रतिवेद प्रस्तुत गरिएको थियो । संस्थाले बिर्तामोडमा समेत सेवाकेन्द्र सञ्चालन गरी अर्जुनधारा र कनकाई नगरपालिका बाहेक बिर्तामोड नपा र बुद्धशान्ति गाउँपालिकामा समेत सेवा क्षेत्र विस्तार गरेको छ । सो अवसरमा ज्येष्ठ शेयर सदस्य अन्तकुमारी दुङ्गेल, असल बचतकर्ता पार्वती आचार्य, असल ऋणी गीता श्रेष्ठ, उत्कृष्ट कृषक हरिकृष्ण खड्का, संस्थापक सदस्य रमा पाण्डे, नेहा तामाङ, तथा उमाकान्त लम्साल, झापा पोलिक्लिनिक सञ्चालक हेमराज चापागाँई र साहारा पोलिक्लिनिकका सञ्चालक रणधिर कपुर गोइतलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा बागेडाँगी त्रिदेवी सहकारीका अध्यक्ष छविलाल लम्साल, संस्थाका पूर्व अध्यक्ष अर्जुन रेग्मी, दहिझोडा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष टेकनाथ अधिकारी लगायतको आतिथ्य रहेको थियो । निर्वाचन उपसमितिका संयोजक पूर्णबहादुर कटुवालले नवनिर्वाचित सञ्चालक समिति तथा लेखा समितिका पदाधिकारीलाई सपथ गराई प्रमाणपत्र समेत वितरण गरेका थिए । सीता सापकोटाले स्वागत गरेको कार्यक्रमको सञ्चालन अर्जुन निरौलाले गरेका थिए । कार्यक्रममा संस्थाका लेखापाल भिमा भट्टराईले सहजीकरण गरेकी थिइन् ।

पर्यटकीय गन्तव्य बन्दै पाटेनागी

पूर्वी पहाडी जिल्ला इलाम र पाँचथरको सिमाना रहेको उच्च पहाडी क्षेत्र पाटेनागी पर्यटकीय गन्तव्यको लागि उत्कृष्ट स्थल भए पनि उचित प्रचार-प्रसारको अभावमा ओझेलमा परेको छ । इलाम तर्फको भागलाई पाटेनागी र पाँचथर तर्फको भू-भागलाई लुहाकिलका नामले चिनिन्छ ।

हिमाली क्षेत्रमा देखिने नागी, चट्टान, बोटबिरुवा, जनावर, पंक्षी तथा जीवहरु लगायत सबै वनस्पतिलाई हेर्दा हिमाली क्षेत्र जस्तै लाग्छ । तर, पाटेनागी हिमाली क्षेत्र भने होइन । समुन्द्री सतहदेखि तीन हजार मिटर उचाइ रहेको उच्च पहाडी क्षेत्र पाटेनागी छोटो दूरीमा रहेको अत्यन्तै रमणीय स्थलमा पर्छ ।

पाटेनागीबाट अत्यन्तै राम्रोसँग सूर्योदय अवलोकन गर्न सकिन्छ, सूर्योदय हुँदा छरिएको लाली प्रकाशले उत्तरतर्फ अटल रहेको कञ्चनजंगा, कुम्भकर्ण लगायतका दर्जनौँ हिमाल छिनछिनमा रङ्ग फेर्दै मुस्कुराए झैं देखिने दृष्यले जो कोहीलाई मोहित बनाई दिन्छ । सूर्यको उदयपछि उज्यालिएको पाटेनागी-लुहाकिलमा उत्तरतर्फ आँखाले निहाल्न नै नसक्ने गरी देखिने गुराँस फूलेको जंगलले हरियालीको आनन्द प्रदान गर्छ भने दक्षिणतर्फ वनस्पतिरहित नाङ्गो नागीले नतमस्तक बनाउँछ ।

धेरै पर्यटकीय गन्तव्यहरू कुनै एक सिजनको लागि महत्वपूर्ण मानिन्छ भने र पाटेनागीको सौन्दर्यको प्राकृतिक स्वरुप भिन्न-भिन्न रहेको छ । असोजदेखि मंसीरसम्म सूर्योदय, क्षितिजमा रहेको निलो आकास र कहिले यता कहिले उता उडिरहने सेतो बादल रमितलाग्दो बन्छ भने पुस, माघमा पर्ने हिउँले हिमाल नै पुगेको जस्तो अनुभूति दिलाउँछ । चैत-बैशाखमा रातामाम्मे भएर फूलेका लाखौं लालीगुराँस बोटका फूलले मोहित नै बनाउने गरेको छ । नयाँ वर्षको दिन सयौं स्थानीहरू पाटेनागी पुग्ने गरेका छन् ।

पाटीनागीको बहु विशेषतालाई हेर्दा सयौं होइन, लाखौं पर्यटक पुग्नु पर्ने हो पाटेनागीमा । तर, उचित प्रचार हुन नसक्दा पाटेनागी ओझेलमा परेको स्थानीयहरूको भनाइ छ । पाटेनागी-लुहाकिल सुन्दरताको हिसाबले मात्र नभएर जैविक वनस्पति, वन्यजन्तु, चरा र जीवहरूको अनुसन्धान र अवलोकनको लागि इलाम-पाँचथर जिल्लाकै एक उत्कृष्ट स्थल हो । पहाडको टुप्पोमा परेको पानी दक्षिणतर्फ बग्ने भाग इलाम नगरपालिका-३ र उत्तरतर्फ बग्ने क्षेत्र फिदिम नगरपालिका-१४ पर्छ ।

पाटेनागी-लुहाकिल इलाम-पाँचथर जिल्लाको एक सिमा स्थल हो । जसमा फाल्गुनन्द गाउँपालिकाको वडा नम्बर ३ को केही क्षेत्र पनि पर्छ । करिब तीन किलो मिटरको पूर्व-पश्चिम उच्च पहाड भएर फैलिएको पाटेनागी-लुहाकिल भौगोलिक क्षेत्रको पश्चिमतर्फ रमणीय नागी, देउराली, कुइभीर रहेको छ भने पूर्व भागमा लुहाकिल डाँडा रहेको छ ।

पाटेनागी-लुहाकिल पहाड मात्र नभएर हिमाली क्षेत्र झैं लाग्दछ । गर्मी मौसममा सन्तुलित तापक्रम रहेपछि जाडो मौसममा त्यहाँको तापक्रम माइनसमा झर्ने गरेको छ । हिमाली क्षेत्रको जस्तो वातावरण भएकाले सो क्षेत्रमा भेडी गोठ, गाईवस्तुको गोठ र चरिचरन क्षेत्र धेरै रहेको छ । पाटेनागीमा हरेक बैशाख १ गते मेला लाग्ने गरेको छ । सो बखत फूलेको लागि गुराँसले पनि धेरैलाई त्यहाँ पुग्न उत्साहित बनाउने गरेको छ । पाटेनागी पर्यटकको नयाँ गन्तव्य बनाउन स्थानीय सरकारले र प्रदेश, संघीय सरकारको लगानीमा बाटो निर्माण गरिएको छ ।

लुहाकिलबाट देखिने सूर्योदयको दृष्य

नागी हुँदै लुहाकिलसम्म पुग्नको लागि दुङ्गाको सिढी बनाइएको छ । भौगोलिक अवस्था जटिल भएकै कारणले पर्यटकहरू पुग्न नसक्ने गरेको अवस्थालाई बुझेर इलाम नगरपालिका र फिदिम नगरपालिकाले आ-आफ्नो क्षेत्रबाट सहजै रुपमा डाँडैडाँडा आवतजावत गर्नको लागि बाटो र सिढी निर्माण गरेर पर्यटकलाई सहजता प्रदान गरिएको इलाम-३ का वडाध्यक्ष हेमबहादुर सुनुवार (हेमन)ले जानकारी दिए । वडाध्यक्ष सुनुवारका अनुसार 'बाटो र सिढी निर्माण भएपछि पर्यटकहरूको आगमन बाक्लिन थालेको छ । यतिबेला मौसम सफा भएकाले पर्यटकहरूको चहलपहल पाटेनागीमा बढ्न थालेको छ । वनभोज खान जानेहरू पनि सो स्थानमा पुग्न थालेका छन् ।'

कहाँबाट पुग्न सकिन्छ पाटेनागी-लुहाकिल ?

पाटेनागी-लुहाकिल कुनै दुर्घम क्षेत्र भने होइन । बिर्तामोडबाट मोटरसाइकल वा सानो गाडी मार्फत करिब चार घण्टाको यात्रा गर्दा पाटेनागी पुग्न सकिन्छ । त्यसका लागि मेची राजमार्ग अन्तर्गत बागखोर भन्ने ठाउँदेखि सय मिटर अगाडि बढेपछि दायाँतर्फ एउटा कच्ची बाटो भेटिन्छ, सोही बाटो भएर पूर्व उत्तर दिसा हुँदै सात किलो मिटरको दूरी पारगर्दा पाटेनागी पुग्न सकिन्छ । त्यसैगरी मेची राजमार्गमै पर्ने रमणीय स्थल पौवाभञ्ज्याङदेखि पूर्वको बाटो हुँदै जाने हो भने करिब पाँच किलो मिटर दूरीमा पर्दछ लुहाकिल । बागखोर हुँदै आउने बाटो अलि बढी कच्चा छ भने पौवाभञ्ज्याङको बाटो कच्ची नै भए पनि सजिलो रहेको छ ।

पाटेनागी-लुहाकिल पुग्ने पर्यटकलाई पुगे पछि फर्किऊँ भने लाग्दै लाग्दैन । त्यहाँको रमणीय दृष्यले नतमस्तक नै बनाउँछ । अझ क्लिन वातावरणले सम्पूर्ण तनाव विर्सजन गराई दिन्छ । सो क्षेत्रमा केही दिन बिताउन चाहने पर्यटकहरूका लागि इलाम-३ को चैते भन्ने गाउँमा होमस्टेहरू रहेको छ भने पाँचथरतर्फ पोखरा जस्तै लाग्ने सुके पोखरीमा एक दर्जन जति नयाँ होमस्टेहरू सञ्चालनमा रहेको छ ।

उक्त क्षेत्रबाट कञ्चनजंगादेखि सगरमाथा सम्मका ६५ वटा हिमालहरू देख्न सकिने स्थानीय सामाजिक अगुवा सुरेश राईले जानकारी दिए । चैतेमा सुनुवार जातिहरूको बाहुलियता रहेको छ भने सुकेपोखरी क्षेत्रमा राई जातीहरूको बाहुल्यता रहेको छ । जातीय संस्कार, रीतिरिवाज, सामाजिक परम्पराको अध्ययन र जानकारी लिन चाहनेहरूको लागि यी स्थानहरू महत्वपूर्ण मानिन्छ । चैतेमा एक सय ५० घर सुनुवार (मुखिया) जातिहरू रहेका छन् । सुकेपोखरीमा दुई सय २४ घर राई र एक घर लिम्बू जाति परिवारहरूको बसोबास रहेको छ ।

प्रस्तुति : विनोद पाण्डे

सवारी दुर्घटनामा एक जनाको मृत्यु

पथरीशनिश्चरे, मंसीर ११। पथरीशनिश्चरे नगरपालिका- १० मोरङमा सवारी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

दमक नगरपालिका-५ झापा बस्ने वर्ष ३५ सानेकुमार राईको दुर्घटनामा परी मृत्यु भएको प्रहरीले जनाएको छ । पश्चिमबाट पूर्व आउँदै गरेको मे ९ प ७१८० नम्बरको स्कुटरले सडक किनारामा रोकेर राखेको ए-०४-००१ त ०३३९ नम्बरको ट्याक्टरलाई ठक्कर दिँदा स्कुटर चालक राई घाइते भएका थिए ।

स्थानीय र प्रहरीले घाइते अवस्थामा रहेका राईलाई उपचारको लागि मदन भण्डारी ट्रमा सेन्टर उर्लाबारी पठाए पनि उनको उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय पथरीले जनाएको छ ।

इलाममा ब्राउनसुगरहित एक जना पक्राउ

इलाम, मंसीर ११। इलामको माइ नगरपालिका-३ बाट दुई ग्राम तीन सय २० मिलिग्राम ब्राउनसुगरसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा प्रहरी चौकी दानावारीबाट खटिएको प्रहरी टोलीले उक्त स्थानमा पैदल हिँडीरहेका स्थानीय २५ वर्षीय सुदिपकुमार दनुवारलाई चेकजाँच गर्दा दनुवारको साथमा उक्त परिणामको लागूऔषध बरामद भएको थियो ।

लागूऔषधसहित पक्राउ परेका दनुवारको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।

विशाल हरिजन
९८२४९९०४६२,९७४५२६०८२५
९८१४९९३७१२, ९८४२६७७८५५

नोट: आधुनिक प्रविधिबाट सञ्चालित झापाकै सबैभन्दा ठूलो सेफ्टी ट्यांकी अनुभवी व्यक्तिबाट ट्वाइलेट ब्लक भएमा सम्पर्क गर्नुहोला ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिनछ ।

ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेडसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२,
९८०१३६४०९३

इ-साइकल र स्कुटी

ब्याट्रीबाट चल्ने स्कुटी र साइकल

विशेष छुटमा Rs. 65,000/-
विशेष छुटमा Rs. 1,50,000/-

जिटेक तराजु & ई-साइकल पसल
पुरानो भद्रपुर रोड, बिर्तामोड
9817949745, 9802742456

उच्च गुणस्तर सुलभ मूल्य

सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

सम्पर्क :
९८०४९५४४००, ९८६६२४२४६६
अर्जुनधारा नगरपालिका- ४ झापा

हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही **मंसीर ८ गते शुक्रवार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।

जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० देखि ३:००

स्पार्क पूर्वाञ्चल अस्पताल,
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८५२६७५०३३, ९८१४०३२६६२

श्री ताराबारी शान्ती बचत तथा ऋण सहकारी संस्था लि. मेनपा-१० झापाको निर्वाचन सम्बन्धी अत्यन्त जरूरी सूचना

संघीय सहकारी ऐन २०७४, प्रदेश सहकारी ऐन २०७५ र श्री ताराबारी शान्ती बचत तथा ऋण सहकारी संस्था लि. को विनियम २०६६ संशोधित विनियम २०७६ र संस्थाको निर्वाचन निर्देशिका २०७९ अनुसार विनियमको परिच्छेद १० दफा ३२ 'क' अनुसार अध्यक्ष-१/उपाध्यक्ष-१/सचिव-१ र सदस्य १० जना गरी जम्मा १३ जना र सोही विनियमको परिच्छेद ११ को दफा ४० अनुसार लेखा सुपरिवेक्षण समितिको संयोजक-१, सदस्य-२ जना गरी जम्मा ३ जनाको निर्वाचन स्वच्छ, पारदर्शी, विवादरहित प्रजातानित्रक तवरबाट आगामी ३ वर्षे कार्यकालका लागि सहकारी ऐनमा व्यवस्था भए अनुसार ३३ प्रतिशत महिला अनिवार्य हुने व्यवस्था भएकोले सो अनुसार हुने गरी निर्वाचन सम्पन्न गर्न निम्न अनुसारको निर्वाचन कार्यक्रम सम्पूर्ण शेयर सदस्यहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

निर्वाचन कार्यक्रम

सि.नं	निर्वाचन कार्यक्रम	मिति	समय		स्थान	कैफियत
			देखि	सम्म		
१.	मतदाता नामावली प्रकाशन	२०८०/०९/०९	१०:००	११:००	संस्थाको कार्यालय	
२.	मतदाता नामावली सच्याउन थप गर्ने, छुट समावेश गर्ने	२०८०/०९/०९	११:००	१२:००	संस्थाको कार्यालय	
३.	मतदाता नामावली उपर दाबीविरोध	२०८०/०९/०९	१२:००	१:००	संस्थाको कार्यालय	
४.	अन्तिम मतदाता नामावली प्रकाशन	२०८०/०९/०९	१:००	२:००	संस्थाको कार्यालय	
५.	उम्मेदवारको मनोनयन दर्ता	२०८०/०९/१०	१०:००	१:००	संस्थाको कार्यालय	
६.	उम्मेवारको नामावली प्रकाशन	२०८०/०९/१०	१:००	१:१५	संस्थाको कार्यालय	
७.	उम्मेदवार उपर दाबीविरोध	२०८०/०९/१०	१:१५	२:००	संस्थाको कार्यालय	
८.	दाबीविरोध पश्चात पुनः नामावली प्रकाशन	२०८०/०९/१०	२:००	२:३०	संस्थाको कार्यालय	
९.	उम्मेदवारको मनोनयन फिर्ता	२०८०/०९/१०	२:३०	४:३०	संस्थाको कार्यालय	
१०.	उम्मेदवारको अन्तिम नामावली प्रकाशन	२०८०/०९/१०	४:३०	४:००	संस्थाको कार्यालय	
११.	मतदान	मतदान हुने मिति र स्थान पछि सूचना प्रकाशन गरिनेछ ।				
१२.	मत गणना	मतदान हुने मिति र स्थान पछि सूचना प्रकाशन गरिनेछ ।				
१३.	परिणाम घोषणा	मतदान हुने मिति र स्थान पछि सूचना प्रकाशन गरिनेछ ।				

निर्वाचन अधिकृत
निर्वाचन समिति
श्री ताराबारी शान्ती बचत तथा ऋण सहकारी संस्था लि., मेचीनगर-१०, झापा

श्री चुलाचुली डढुई सामुदायिक वन उपभोक्ता समूह

माई नपा-६, इलाम

प्रयोजन परिवर्तन गरी लिलाम सहमति दिइएको सूचना

प्रथमपटक प्रकाशित मिति : २०८०/०८/१२

यस चुलाचुली डढुई सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित गोलीया घाटगट्टीमा विभिन्न लट र पायलमा विभाजित निम्न परिमाणको काठ लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालय इलामको मिति २०८०/०७/२० को चं. नं. २७६० लिलाम बिक्री सहमति अनुसार लिलाम बिक्री गर्नुपर्ने भएकोले काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजान लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघ-संस्था, फर्म वा कम्पनीले सूचना प्रकाशित भएको मितिले २१ दिनभित्रमा शिलबन्दी बोलपत्र दालिख गर्न यो सूचना प्रकाशित गरिएको छ । पूर्ण व्यहोराको सूचना लिन यस सा.व.उ. समूहको कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

तपशिल

लट नं. १	जात साल गोलिया	स्तर (ग्रेड) ए थान २	ए परिमाण (क्यू.फि.) २७.८५	बी थान २	बी परिमाण (क्यू.फि.) २२.७९	सी थान १२	सी परिमाण (क्यू.फि.) ७७.६६	डी थान -	डी परिमाण (क्यू.फि.) -	जम्मा थान १६	जम्मा परिमाण (क्यू.फि.) १२८.३०	प्रयोजन समूह बाहिर	कै
२	साल गोलियो	७	११४.५९	७	७३.०३	१२	७२.१२	-	-	२६	२५९.७४	समूह बाहिर	

चुलाचुली डढुई सामुदायिक वन उपभोक्ता समूह, माई नपा-६, इलाम

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - व्यापार-व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) - स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - आज स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायाबाट यथेष्ठ लाभ नमिल्नाले मन चिन्तित रहला ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईंको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरी[redacted] जानेछ, मन खिन्न रहला ।

तुला (र, रि, रू, रे, रो, ता, ति,[redacted] मन प्रशन्न रहला, धन, स्वास्थ्य [redacted] साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुने[redacted] खबर सुन्न पाइनेछ ।

बृश्चिक ([redacted] नु, ने, नो[redacted] थि, यु) - समय फल[redacted] ट्ठा, उपहार[redacted] को योग छ, छोटो दुरीको रोम[redacted] हुनेछ, म[redacted] रहने छ ।

धनु (ये, [redacted] भु, ध, फा[redacted] - लामो दुरी[redacted] छ, भाग्यले[redacted] दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - समय सामान्य रहनेछ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, धैर्य रहनुहोला ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) - व्यापार-व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।